गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश

नदिपुर, पोखरा, नेपाल

पत्र संख्याः

चलानी नः


सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिकीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं.:- ०२ (लिलामी)/२०८२/०८३

दोस्रो पटक प्रकाशित मितिः २०८२ मंसिर ०९ गते

प्रस्तुत विषयमा मिति २०८२।०५।२४ गतेको जेन जी आन्दोलनको क्रममा यस गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा आगजनी भएको यस कार्यालयको चार पाङ्ग्रे Gandaki B AA 0598 नम्बरको स्कारपियो गाडी जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरको अधीनमा रही बोलपत्र पेश गर्नु भनी प्रथम पटक मिति २०८२/०७/३० गते प्रकाशित सूचनामा पर्याप्त प्रस्तावहरु प्राप्त हुन नआएको हुँदा यो दोस्रो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले यस कार्यालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८२/०८/११ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १,०००/- (अक्षेरुपी एक हजार रुपैया रकम । राष्ट्रिय वाणिज्य बैंक स्थित यस कार्यालयको कोड नं ३०१००३९०४४ राजश्व शीर्षक नं १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र मिति २०८२/०८/१२ कार्यदिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु २०८२/०८/१२ गते २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राखु पर्नेछ।



फोनः +९७७-६१-५७१०८०/५७०१४६ E-mail: academy.gandaki@gmail.com

admin.gpta@gandaki.gov.np url: gpta.gandaki.gov.np

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
नदिपुर, पोखरा, नेपाल

पत्र संख्याः
चलानी नः

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम प्रदेश लेखा नियन्त्रक कार्यालय पोखराको नाममा राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखामा रहेको धरौटी खाता नं ३०२०१००२०२०३०००० मा जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा तोकिएको फाराम बमोजिम भर्नु पर्नेछ। बोलपत्र स्वीकृत गर्दा सर्वैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद्ध गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

९. लिलाम हुने सामाग्रीको कुल न्यूनतम मुल्य ७५,६०० (अक्षरुपी पचहत्तर हजार छ सय) कायम गरिएको छ।

(सुरेन्द्रबाबु तिवारी)
कार्यकारी निर्देशक